म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

वर्ष:१७ अङ्क:- १६४ २०८३ वैशाख २४ गते बिहिबार 7 May 2026, Thursday पृष्ठ ४ मूल्य रू. ५/-

## महासंघमा कटुवाल विजयी



हेटौंडा : नेपाल उद्योग वाणिज्य महासंघको सदस्यमा मकवानपुरका कृष्ण कटुवाल निर्वाचित हुनुभएको छ। मंगलबार काठमाडौंमा सम्पन्न निर्वाचनबाट कटुवाल दोस्रो कार्यकालका लागि महासंघको सदस्यमा निर्वाचित हुनुभएको हो ।

जिल्ला नगरतर्फ १५ वटा सदस्य निर्वाचित भएकोमा उहाँले चौथो स्थान हासिल गर्नुभयो । कुल १२९ मतमध्ये कटुवालले १०५ मत प्राप्त गर्नुभयो । जिल्ला नगरतर्फ २२ जनाले उम्मेदवारी दिएका थिए । कटुवालसँगै भुगोलतर्फबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिए मकवानपुरका राजकुमार न्यौपाने पराजित भएका छन् । कटुवाल मकवानपुर उद्योग वाणिज्य संघको पूर्वअध्यक्ष पनि हुनुहुन्छ। महासंघको अध्यक्षमा अन्जन श्रेष्ठ चयन हुनुभएको छ।

## बागमती प्रदेशमा ८ मन्त्रालय

# सत्ता साझेदार एमालेको असहमति

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशमा १४ मन्त्रालय घटाएर ८ वटा बनाउने निर्णय भएको छ । मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको नेतृत्वमा प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत ८ मन्त्रालय राख्ने गरी निर्णय भएको हो । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले साउन १ गतेबाट लागु गर्ने गरी प्रदेशमा रहेका १४ मन्त्रालयलाई घटाएर ८ मा कायम गर्ने निर्णय गरेको हो। उक्त निर्णयसँगै प्रदेशको ६ मन्त्रालयको कार्यभार ८ मन्त्रालयमा गाभिनेछ ।



मंगलबारको मन्त्रिपरिषद् बैठकमा सहभागी मुख्यमन्त्री तथा मन्त्रीहरु ।

प्रदेश सरकारको उक्त निर्णयमा सत्तारुढ दलहरु नै विभाजित भएका थिए । सत्ता-साझेदार दल नेपाली कांग्रेस र नेकपा एमालेका मन्त्रीहरु उक्त निर्णयमा विभाजित भएका थिए । एमाले र कांग्रेसका मन्त्रीहरुसँग कुरा नमिल्दा करिव २ घण्टा बढी मन्त्रिपरिषद् बैठक नै रोकिएको थियो । दिउँसो ३ बजेका लागि बोलाइएको मन्त्रिपरिषद् बैठक एमाले र कांग्रेस बीच सहमति नहुँदा ५:३० बजे मात्र सुरु भएको थियो ।

बैठक अघि एमालेका ६ जना मन्त्रीहरुले छुट्टै छलफलसमेत गरेका थिए । विशेषगरी प्रदेशमा कायम गर्ने मन्त्रालयको संख्या र कार्यभारका विषयमा कांग्रेस संसदीय दलका नेता एवम् मुख्यमन्त्री बानियाँसँग एमालेको कुरा मिलेको थिएन । मन्त्रिपरिषद् बैठक अघि नै एमालेका मन्त्रीहरुले प्रदेशमा ९ मन्त्रालय बनाउन माग गरिरहेको थियो । एमालेले प्रदेशमा स्वास्थ्य मन्त्रालय छुट्टै राख्न माग गरेको थियो भने शहरी विकासको क्षेत्र खानेपानी मन्त्रालयमा नराख्न अडान गरेको थियो । उक्त विषयमा मुख्यमन्त्री बानियाँसँग कुरा नमिल्दा एमालेका मन्त्रीहरु भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाको कार्यकक्षमा बैठक बसेका थिए ।

प्रदेश सरकारका एक मन्त्रीका अनुसार एमालेका मन्त्रीहरु मन्त्रिपरिषद् बैठक अघि भौतिक मन्त्रीकोमा बैठक बसेर आएका थिए । उनीहरुले प्रदेशमा स्वास्थ्य मन्त्रालय छुट्टै राखेर ९ मन्त्रालय बनाउन माग गरेका थिए । शहरी विकासलाई भौतिक मन्त्रालयमा नै राख्न उनीहरुले अडान कसेपछि मुख्यमन्त्री बानियाँ रिसाएका थिए । उनका अनुसार मुख्यमन्त्री बानियाँ प्रदेशमा ८ वट भन्दा बढी मन्त्रालय नराख्ने अडानमा थिए ।

प्रदेशका अर्का मन्त्रीका अनुसार उक्त विषयमा एमालेले अडान छाड्ने अवस्था नदेखेपछि सबै मन्त्रीहरुलाई बर्खास्त गर्ने चेतावनी समेत दिएका थिए । गठबन्धन परिवर्तन भएपनि आफु तयार रहेको भन्दै मुख्यमन्त्री बानियाँले ८ वटा भन्दा बढी मन्त्रालय नबनाउने अडान राखेका थिए । अन्ततः एमालेका मन्त्रीहरुले मुख्यमन्त्री बानियाँलाई गिभ एण्ड टेक अफर गरेको ति मन्त्रीले बताए। एमालेका मन्त्रीहरुले शहरी विकासको कार्यभार खानेपानीबाट भौतिकमा राख्ने र स्वास्थ्य मन्त्रालयको कार्यभार सामाजिकमा सार्नेगरी प्रस्ताव ल्याएपछि मुख्यमन्त्री बानियाँले मन्त्रालय घटाउने बारे प्रस्ताव अघि बढाएका थिए ।

बागमती सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले सरकारले प्रशासनिक खर्च कटौती र सुशासनलाई थप प्रभावकारी बनाउन मन्त्रालयको संख्या घटाउने निर्णय गरेको बताए । प्रदेशमा रहेका १४ वटा मन्त्रालयलाई घटाएर ८ वटामा कायम गर्ने निर्णयले सरकारको प्रशासनिक व्ययभार ५ अर्ब घटाउने उनले बताए ।

मन्त्री तामाङका अनुसार मन्त्रालयको संख्या घटाउने विषयमा सत्ता साझेदार दलहरु एमाले र कांग्रेसबीच लामो समयदेखि छलफल हुँदै आएको थियो । उच्चस्तरीय प्रशासनिक पुनर्संरचना समितिको प्रतिवेदन र विभिन्न राजनीतिक दलहरुबाट आएका सुझावहरुलाई कम्पाइल गरेर सर्वसम्मत रुपमा निर्णय गरिएको उनले बताए । पुनर्संरचनाको छलफलका क्रममा एमाले संसदीय दल र स्वास्थ्य मन्त्रीको तर्फबाट स्वास्थ्य मन्त्रालयलाई छुट्टै र स्वायत्त राख्नुपर्ने प्रस्ताव आएको उनले बताए । स्वास्थ्य क्षेत्रको संवेदनशीलता र कार्यभारलाई हेरेर सो मन्त्रालयलाई सामाजिक विकास मन्त्रालयमा गाभ्न नहुने एमालेको तर्क रहेको उनले बताए ।

'सुरुमा स्वास्थ्य मन्त्रालयलाई छुट्टै राखेर ९ मन्त्रालय बनाउने वा अन्य मन्त्रालय गाभ्ने विषयमा केही फरक रायहरु आएको थियो । ९ वटा मन्त्रालय बनाउने कि भन्ने विषयमा पनि घनीभूत छलफल भएको थियो । शहरी विकासलाई भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत नै राखिने विषयमा कुरा उठेका थिए । अन्तिममा अधिकतम सहमतिका आधारमा ८ वटा मन्त्रालय बनाउने निर्णय भएको हो', मन्त्री तामाङले भने, 'प्रदेशको प्रशासनिक तर्फको खर्च घटाएर पूँजीगत (विकास) तर्फको बजेट बढाउन उक्त निर्णय गरिएको हो । १४ बाट ८ मन्त्रालय बनाउँदा ६ जना मन्त्रीको संख्या घट्नेछ। जसले प्रदेश सरकारको चालू तर्फको दायित्व उल्लेख्य रूपमा कटौती हुनेछ र प्रदेश सरकारलाई आर्थिक रुपमा सस्टेनेबल बनाउन मद्दत पुग्नेछ ।' सरकारले नयाँ संरचना अनुसार कार्यविस्तृतीकरण गर्न र कार्यविभाजन नियमावली संशोधन गर्न एक समिति समेत गठन गरेको

बाँकी पृष्ठ ३ मा...

## व्यवसाय र मानव

# अधिकारबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौंडा : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेशको आयोजनामा 'व्यवसाय र मानव अधिकार' विषयक प्रदेशस्तरीय अन्तरक्रिया गरेको छ। इन्सेक तथा फोरम एसियाका अध्यक्ष विजयराज गौतमको अध्यक्षतामा बुधबार कार्यक्रम सम्पन्न भएको हो ।

### मानव अधिकारका विषयलाई ठूला नारामा मात्र सीमित नगरी आफ्नै ठाउँबाट साना-साना कुरामा पनि अवलम्बन गर्नुपर्नेमा जोड

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका प्रमुख चन्द्रकान्त चापागाईंले विषयगत कार्यपत्र प्रस्तुत गर्दै मानिसलाई मान्छे भएको नाताले मर्यादित भएर बाँच्न आवश्यक पर्ने सम्पूर्ण अधिकार नै मानव अधिकार भएको प्रष्ट पार्नुभयो । उहाँले राज्यको दायित्वभित्र पर्ने सेवामूलक कार्यहरूमा व्यावसायिक तथा उद्यम क्षेत्रको भूमिका बढ्दै गएकाले त्यसबाट पर्न सक्ने प्रतिकूल प्रभावको जिम्मेवारी र जवाफदेहिता पनि सोही क्षेत्रले लिनुपर्ने बताउनुभयो ।

व्यवसायले रोजगारी सिर्जना, सीप विकास र आर्थिक योगदानजस्ता सकारात्मक प्रभाव पारे पनि अर्कोतर्फ श्रम शोषण, असुरक्षित कार्यस्थल, बालश्रमको प्रयोग, वातावरणीय विनाश र उपभोक्ता अधिकारको हनन् जस्ता बहुआयामिक नकारात्मक प्रभावहरू पनि सिर्जना गरिरहेको तथ्य उहाँले प्रस्तुत गर्नुभयो। कार्यपत्र प्रस्तुत गर्दै चापागाईंले सन् २०११ मा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार परिषद्ले जारी गरेको मार्गदर्शक सिद्धान्तका तीन मुख्य खम्बाहरू मानव अधिकार संरक्षण गर्ने राज्यको कर्तव्य, मानव अधिकार सम्मान गर्ने व्यावसायिक क्षेत्रको जिम्मेवारी र पीडितको उपचारमा पहुँचका विषयमा जानकारी दिनुभयो ।

उहाँले नेपालमा श्रम ऐन २०७४, वातावरण संरक्षण ऐन २०७५ र उपभोक्ता संरक्षण ऐन २०७५ जस्ता थुप्रै कानुनी व्यवस्थाहरू भए पनि कार्यान्वयन पक्ष अपेक्षितरूपमा उपलब्धिमूलक हुन नसकेको टिप्पणी गर्नुभयो । व्यापारिक समुदायलाई केवल नियमनको दृष्टिकोणबाट मात्र नहेरी उनीहरूलाई स्वयम् जिम्मेवार बनाएर मानव अधिकारको सम्मान र उपचारको संयन्त्र निर्माण गर्न सके प्रभावकारी हुने उहाँको भनाइ थियो । राष्ट्रिय मानव अधिकार आयोगले उपभोक्ता अधिकार अनुगमन निर्देशिका जारी गरेको र वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूको अधिकार रक्षाका लागि दक्षिण कोरिया, कतार र मलेसिया जस्ता देशका मानव अधिकार संस्थाहरूसँग समझदारी पत्रमा हस्ताक्षर गरी काम गरिरहेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा बागमती प्रदेशकी प्रमुख न्यायाधीवक्ता अप्सरा बस्नेत, कानून न्याय तथा सवैधानिक मामिला महाशाखाका सचिव लोकहरि बस्याल, मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी र जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीको उपस्थिति रहेको थियो ।

कार्यक्रमका सहभागीहरूले मानव अधिकारका विषयलाई ठूला नारामा मात्र सीमित नगरी आफ्नै ठाउँबाट साना-साना कुरामा पनि अवलम्बन गर्नुपर्नेमा जोड दिएका थिए । उनीहरूले साना र ठूला व्यापारीका लागि छुट्टाछुट्टै मापदण्ड हुनुपर्ने आवश्यकता औंल्याएका छन् ।

# छुट्टाछुट्टै घटनामा ४ जिल्लामा ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशको ४ जिल्लामा छुट्टाछुट्टै घटनामा ५ जनाको मृत्यु भएको छ । प्रदेशको काभ्रे, दोलखा, चितवन र सिन्धुली जिल्लामा मंगलबार ५ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोकको चौरी देउराली गाउँपालिका-७, टाडिगाउँमा सडक विस्तारका क्रममा ढुङ्गासहितको पहिरो खसेर स्काभेटर पुरिँदा चालकको मृत्यु भएको छ । मंगलबार बिहान ११ बजेर ३० मिनेटको समयमा मध्यपहाडी लोकमार्ग अन्तर्गत सडक विस्तार का लागि ट्रयाक खन्ने क्रममा माथिबाट ढुङ्गासहितको पहिरो खस्दा बा २ क २७९२ नम्बरको स्काभेटर पुरिएको प्रहरीले जनाएको छ । घटनामा स्काभेटर चालक रौतहट जिल्लाको पौराही गाउँपालिका-३ का ४१ वर्षीय दिलिप स्मालीको घटनास्थलमै मृत्यु भएको थियो । मुचुल्का पश्चात शवलाई पोस्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको छ ।

दोलखाको भिमेश्वर नगरपालिका-६, चोथाङमा बेहोस अवस्थामा फेला परेका पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा मेलुङ गाउँपालिका-४, तितेचौरका ३३ वर्षीय जीतबहादुर कार्की रहेको प्रहरीले जानकारी दिएको छ । मंगलबार दिउँसो २ बजेर ३० मिनेटको समयमा मादक पदार्थ सेवन गरी बेहोस अवस्थामा फेला परेका कार्कीलाई उपचारका लागि चरिकोटस्थित पशुपति चौलागाई स्मृति अस्पताल लगिएको थियो । उपचारको क्रममा कार्कीलाई दिउँसो ३ बजेर २० मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

चितवनको माडी नगरपालिका-१ भंगतामा घाँस काट्ने क्रममा लडेर एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा ५५ वर्षीया माया थापा मगर रहेको प्रहरीले जानकारी दिएको छ। माया मंगलबार दिउँसो ४ बजेको समयमा आफ्नो घर नजिकै रहेको बारीमा डुम्रीको रुखमा चढेर घाँस काट्ने क्रममा एक्कासी लडेर घाइते भएकी थिइन् । उनलाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारका क्रममा मंगलबार राति १२ बजेर २५ मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुलीको गोलन्जोर गाउँपालिका-७ तल्लो बारास्थित बीपी राजमार्गमा भएको मोटर साइकल दुर्घटनामा गम्भीर घाइते भएका चालकको उपचारका क्रममा मृत्यु भएको छ । वैशाख ४ गते बिहान ९ बजेर १० मिनेटको समयमा काठमाडौंबाट तेह्रथुमतर्फ जाँदै गरेको बा ९१ प ४३६३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकबाट ३५ फिट तल खसेर दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ। दुर्घटनामा मोटरसाइकल चालक तेह्रथुम जिल्लाको पञ्चकन्या गाउँपालिका-१ का २८ वर्षीय बिनोद लिम्बु गम्भीर घाइते भएका थिए । घाइते लिम्बुलाई उपचारका लागि ललितपुरस्थित मेडिसिटी अस्पतालमा भर्ना गरिएको थियो । उपचारका क्रममा मंगलबार दिउँसो २ बजेर ३५ मिनेटको समयमा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

सिन्धुलीको कमलामाई नगरपालिका-२, तेह्रसयस्थित बीपी राजमार्गमा भएको स्कुटर दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने चालक घाइते भएका छन् । आइतबार दिउँसो २ बजेको समयमा गढीबाट सिन्धुलीतर्फ आउँदै गरेको बा प्र ०१-०१६ प ५४२९ नम्बरको स्कुटर अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ। स्कुटर चालक हेटौंडा-६ का २५ वर्षीय आदर्श चौलागाई र पछाडी सवार ३९ वर्षीय विकेश घिमिरे घाइते भएका थिए ।

दुर्घटनामा स्कुटर चालक चौलागाई सामान्य घाइते भएका थिए भने पछाडि सवार घिमिरे गम्भीर घाइते भएका थिए । घाइते घिमिरेलाई उपचारका लागि काठमाडौंस्थित ह्याम्स अस्पताल लगिएको थियो । उपचारका क्रममा मंगलबार साँझ ६ बजेर ५५ मिनेटको समयमा चिकित्सकले घिमिरेलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। घाइते स्कुटर चालक चौलागाईलाई जोरपाटीस्थित नेपाल अर्थोपेडिक अस्पतालमा उपचारपछि सोमबार डिस्चार्ज गरिएको र हाल ह्याम्स अस्पतालमै फलोअपमा रहेको प्रहरीले जनाएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

हार्दिक बधाई



मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष आदरणीय **कृष्ण कटुवाल** नेपाल उद्योग वाणिज्य महासंघको कार्यसमिति सदस्य पदमा अत्यधिक मतसहित निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछौं ।

**प्रमोदसिंह रानाभाट, अध्यक्ष**
**एवम् मकवानपुर उद्योग वाणिज्य संघ परिवार**
**हेटौंडा, मकवानपुर**

# सम्पादकीय

## मन्त्रालय कटौती सान्दर्भिक

बागमती प्रदेश सरकारले प्रदेशमा मन्त्रालयको संख्या कटौती गर्ने निर्णय स्वागतयोग्य छ । मंगलबार बसेको बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले मन्त्रालयको संख्या घटाउने निर्णय गरेको छ । प्रदेशमा रहेको १४ वटा मन्त्रालयबाट घटाएर ८ वटा कायम गर्ने निर्णय गरेको हो । प्रदेशको प्रशासनिक संरचनालाई सुदृढ र मितव्ययी बनाउन गठित उच्चस्तरीय अध्ययन समितिले हाल कायम रहेका १४ वटा मन्त्रालयलाई घटाएर ८ वटामा सीमित गर्न सरकारलाई सुझाव दिएको थियो । सोही सुझावलाई प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको हो । आगामी आर्थिक वर्ष (साउन १ गते)बाट लागू हुने गरी प्रदेशको ६ वटा मन्त्रालयलाई समायोजन गरिएको बताइएको छ । चालु आर्थिक वर्षभरि हालकै मन्त्रिपरिषद् र मन्त्रालयले काम गर्नेछ । चालु आर्थिक वर्षको करिब दुई महिनामात्र बाँकी रहेको र बजेट तथा योजनाहरु कार्यान्वयनमा जटिलता हुने भएकाले तत्काल मन्त्रालय कटौतीको निर्णय कार्यान्वयन नहुने भएको हो ।

प्रदेश मन्त्रिपरिषद्ले गरेको निर्णयअनुसार प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय रहनेछन् । नयाँ आर्थिक वर्षका लागि साविकका मन्त्रालयका लागि तोकिएको बजेट सिलिङ समायोजन भएको मन्त्रालयमा थप हुने भएको छ । नयाँ बजेट ८ वटा मन्त्रालयका लागि मात्र विनियोजन गरिने भएकाले साउन १ गतेबाट स्वत: मन्त्रालय कटौती कार्यान्वयनमा आउने सरकारको भनाइ छ ।

विसं २०७४ सालको निर्वाचनपछि पहिलो पटक प्रदेश सरकार गठन हुँदा बागमती प्रदेशमा ७ वटा मन्त्रालयमात्र रहेको थियो । मुख्यमन्त्री डोरमणि पौडेलको नेतृत्वमा करिब साढे ३ वर्षसम्म सोही संरचनामा सञ्चालन भएको प्रदेश सरकारको मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य भएपछि एउटा मन्त्रालय थप गरियो । प्रदेशको तेस्रो मुख्यमन्त्री बनेका राजेन्द्र पाण्डेले मन्त्रालयहरु टुक्र्याएर संख्या बढाएका थिए । २०७९ को निर्वाचनपछि मुख्यमन्त्री बनेका शालिकराम जम्कट्टेलले केही मन्त्रालय घटाउने प्रयत्न गरेको भए पनि मुख्यमन्त्री बहादुर सिंह लामाले मन्त्रालयको संख्या बढाउने कार्यलाई निरन्तरता दिए । प्रशासनिक आवश्यकता तथा कार्यबोझ नै नहुँदा पनि दलीय भागबण्डा र सन्तुलन मिलाउनकै लागि मन्त्रालय विस्तार गरिएकाले अहिले कटौतीको निर्णय गरिएको हो । मन्त्रालय कटौती भएपछि मातहतका ५० वटा कार्यालयको संख्या घटेर १४८ हुने भएकाले वार्षिक करिब ५ अर्ब रुपैयाँ चालु खर्च कम हुने भएकाले सरकारको यो निर्णयलाई सकारात्मक र साहसिक मान्नुपर्छ ।

संविधानले बागमती प्रदेशमा २२ जनासम्मको मन्त्रिपरिषद् बनाउन सकिने छुट दिएको भए पनि प्रदेशमा प्रदेशमा ७ वटा मन्त्रालय उपयुक्त हुने देखिन्छ । नेपालमा संघीयता आवश्यक नरहेको र झनै प्रदेश तह आर्थिकरुपले बोझिलो रहेकाले खर्च धान्न कठिन हुने आशंका पनि उजागर भइरहेका छन् । यस्ता आशंकालाई विगतमा राजनीतिक दल तथा प्रदेश सरकारहरुको कार्यशैलीले वास्तविकताको नजिक लगिरहेको अवस्थामा बागमती प्रदेश सरकारको मन्त्रालय कटौतीको निर्णय साँच्चै सान्दर्भिक र स्वागतयोग्य छ । प्रदेशको अनावश्यक खर्च कटौती गर्ने उद्देश्यले प्रशासनिक पुनर्संरचनातर्फ अग्रसर बनेको वर्तमान सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटलाई प्रभावकारी बनाउन आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार १११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : औपचारिक र अनुशासित ढंगले समय बित्ला ।
**वृष** : दार्शनिक विषयप्रति मन आकर्षित हुने समय छ ।
**मिथुन** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**कर्कट** : स्वास्थ्य समस्यामा परिने समय योग देखिन्छ ।
**सिंह** : मौखिक तथा कलाका क्षेत्रमा सफल भइने योग छ ।
**कन्या** : शिक्षादीक्षाका काममा मन जाने समय योग देखिन्छ ।
**तुला** : मनमा तनाब बढ्ने समय योग रहेको छ ।
**वृश्चिक** : बौद्धिक र ज्ञानमूलक क्षेत्रबाट लाभ प्राप्त होला ।
**धनु** : श्रममूलक र कृषिबाट लाभ प्राप्त होला ।
**मकर** : रोकिएका कामहरु बन्ने समय योग छ ।
**कुम्भ** : धार्मिक यात्रा योगमा सरिक बनिने छ ।
**मीन** : विपरीत लिंगीसँग सजगता अपनाउँदा राम्रो रहने छ ।

# के सरकारको निर्देशन पालना भयो त ?



**✍केपी अधिकारी**

**सरकारले निर्देशन पनि पठाएको छ तर पनि निजी विद्यालयहरुले त्यस्तो निर्देशनको अवज्ञा गरेको देखिन्छ । विभिन्न शिर्षक राखी शैक्षिक वर्षको सुरुमा नै चर्को शुल्क असुल्ने गरेको तथ्य स्पष्ट छ । यस विषयमा पनि सरकारको गम्भिर ध्यान जानुपर्दछ । अर्कोतिर सरकारको पूर्ण अनुदानमा संचालित सामुदायिक विद्यालयहरुमा पनि अंग्रेजी माध्यम संचालन गर्ने नाममा अभिभावकसँग शुल्क लिने गरेको पाइन्छ ।**

२०८२/१२/१३ गते नेपालको संविधान २०७२ को धारा ७६ को उपधारा १ बमोजिम नयाँ सरकार गठन भई देशको शासन सञ्चालन भइरहेको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का संसदीय दलका नेता श्री बालेन्द्र शाह झन्डै दुई तिहाइ बहुमतका साथ प्रधानमन्त्री पदमा बहाल रहेका छन्। देशमा बहुदलीय व्यवस्था पुनर्स्थापना भएको ३६ वर्षपछि एउटा नयाँ राजनीतिक दलको तर्फबाट स्पष्ट एकल बहुमत प्राप्त गरी एकमना सरकार गठन गरेको छ। यस अवस्थामा देशमा एउटा खुशी छाएको छ भने सबै नागरिकहरुमा उत्साह पनि देखिएको छ।

हुन त २०४८ सालको निर्वाचनमा नेपाली काँग्रेसले एकल बहुमत प्राप्त गरेको थियो। तर, पूरा अवधि ५ वर्षसम्म सरकार सञ्चालन गर्न सकेन। आफ्नै पार्टीका सांसदका कारण सरकार असफल हुन पुग्यो। त्यसैगरी २०६४ सालको संविधान सभाको निर्वाचनबाट तत्कालिन नेकपा माओवादी पार्टी संसदमा पहिलो दल बनेको थियो। त्यसबेला पनि प्रधानमन्त्रीले प्रधानसेनापति माथि हस्तक्षेप गरी हटाउन सिफारिस गर्दा राष्ट्रपतिले अस्विकार गरेपछि सरकार संकटमा पऱ्यो। यी घटनाहरु नेपालका इतिहासमा पढ्न सकिन्छ। अहिले फेरी २०८२ फागुन २१ गतेको निर्वाचनमा नेपाली जनताले रास्वपालाई स्पष्ट बहुमत प्रदान गरेका छन्। बालेन नेतृत्वको सरकार गठन भएको बैशाख १३ गते एक महिना पूरा भएको छ। यो सरकारले सम्पूर्ण नेपाली जनताको साथ, सहयोग पाएको छ। जनताको विश्वासिलो सरकार आशा र भरोसाको सरकार भनेर पनि उपनाम दिइएको छ। सबै नागरिकको मनमा अब भने नेपालमा सुशासन र भष्ट्राचारमुक्त शासन सुरु हुने र नागरिक शासन संचालन भई देशले ५ वर्षभित्र विकासको गति बढाउने तथा आर्थिक वृद्धि हुने विश्वास गरेका छन्।

हुन त चुनाब अघि नै रास्वपाले बालेन शाहलाई प्रधानमन्त्रीको रुपमा अघि सारेर जनता सामु आफ्ना प्रतिवद्धताहरु व्यक्त गरेको थियो। रास्वपाले १०० दिनमा सय काम गरेर जनतालाई सुशासन मार्फत शासन गरेर विकासको गति पनि अघि बढाउने वाचापत्रमा प्रस्तुत गरेको थियो। त्यसै अनुरुप सरकारले आफ्नो काम अघि बढाएको छ। काम गर्ने क्रममा कुनै समस्या वा अवरोध आएमा अध्यादेश मार्फत नयाँ ऐन, कानुन जारी गर्ने वा संशोधन गरेर भएपनि जनताको काम छिटो छरितो रुपमा सम्पन्न गर्न लागि परेको छ।

यसै सिलसिलामा सरकार गठन भएको दिनदेखि नै शैक्षिक सुधारका निम्ति विभिन्न निर्णयहरु गरी मातहतका कार्यालयहरुलाई निर्देशन दिने कार्य भयो। उदाहरणका लागि एसइइ संचालनलाई लिन सकिन्छ। शिक्षा मन्त्रालयले परीक्षा केन्द्र रहेको विद्यालयमै उत्तरपुस्तिका परीक्षण गर्नुपर्ने निर्देशन पठायो। हरेक परीक्षा केन्द्रहरुमा परीक्षा भएको दिनबाट नै उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाइयो। जसको परीक्षण स्वरुप करिब एक हप्ता भित्रमा सबै विषयको उत्तरपुस्तिका परीक्षण गर्ने काम सम्पन्न भई प्राप्ताङ्क सम्बन्धित कार्यालयमा पठाई एसइइको अन्तिम नतिजा प्रकाशनतर्फ परीक्षा नियन्त्रण कार्यालय जुटिसकेको छ। अब कुनै व्यवधान नआएमा बैशाख २९ गते मंगलबार एसइइको नतिजा सार्वजनिक हुने चर्चा चल्न थालिसकेको छ। गत वर्षहरुमा ३ महिना लाग्ने गर्थ्यो एसईईको नतीजा आउन। अहिलेको सरकारको निर्देशनका कारण यो काम ज्यादै छिटो र सहज रुपमा सम्पन्न भएको छ। अब प्रश्न उठ्छ के सरकार का सबै निर्देशनहरु पालना र कार्यान्वयन भएको छ ? पक्कै पनि भएको छ जस्तो लाग्छ। तर दिइएको निर्देशनहरु शतप्रतिशत नै कार्यान्वयन भएको कुरामा भने अझै पनि विश्वस्त हुने आधार छैन। यसो भनिरहँदा सरकारको लिखित वा मौखिक निर्देशन पालना गर्ने र कार्यान्वयन गर्ने कर्तव्य तल्लो निकायहरुको हुन्छ नै तर केही नयाँ शिक्षण संस्थाहरु तथा निजी विद्यालयहरुले सरकारको निर्देशन पालना गर्नु कर्तव्य ठानेनन् वा जिम्मेवारी बोध गरेनन् त्यो सोचनीय विषयमा पर्दछ।

एउटै देशको विभिन्न भूगोलमा स्थापना भएका शिक्षण संस्थाहरुको संचालन, भर्ना शुल्कहरु, मासिक शुल्कहरु र अन्य शुल्कहरुमा एकरुपता हुनुपर्दछ। कुनै विद्यालयले बढी र कुनैले कम शुल्क लिने गरेको पाइन्छ। यस वर्षबाट कुनै विद्यार्थी एकपल्ट सुरुमा विद्यालयमा भर्ना भइसकेपछि र त्यस विद्यालयमा अध्ययन गरिसकेपछि हरेक वर्ष त्यही विद्यालयमा अर्को कक्षामा भर्ना गर्नु नपर्ने कुरा व्यक्त गरेको पाइन्छ। सरकारले निर्देशन पनि पठाएको छ तर पनि निजी विद्यालयहरुले त्यस्तो निर्देशनको अवज्ञा गरेको देखिन्छ। विभिन्न शिर्षक राखी शैक्षिक वर्षको सुरुमा नै चर्को शुल्क असुल्ने गरेको तथ्य स्पष्ट छ। यस विषयमा पनि सरकारको गम्भिर ध्यान जानुपर्दछ। अर्कोतिर सरकारको पूर्ण अनुदानमा संचालित सामुदायिक विद्यालयहरुमा पनि अंग्रेजी माध्यम संचालन गर्ने नाममा अभिभावकसँग शुल्क लिने गरेको पाइन्छ। दैनिक विद्यालय संचालन गर्न आवश्यक आर्थिक स्रोत सरकारले दिने वार्षिक अनुदान रकम अपुग भएको कारण देखाई प्रत्येक सामुदायिक (सरकारी) विद्यालयहरुले शुल्क लिने गरेको पाइन्छ। यसरी शुल्क लिनु कानुनसम्मत हो त ?

नेपालको संविधानको भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरेको छ। प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँचको हक हुनेछ भनी किटान गरिएको छ। धारा ३१ कै उपधारा (२) मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क पाउने हक हुनेछ भनी लेखिएको छ। त्यसैगरी उपधारा (३) मा अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हकको व्यवस्था गरेको छ। तर यो कानुनको पालना न त शिक्षण संस्थाले गरेको छन् न त राज्यले नै ऐन बनाएर कार्यान्वयन गरेको छ। शिक्षा ऐन र नियमावलीको अभावमा संविधान लागु भएको १० वर्ष बितिसक्दा पनि पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन। शिक्षा क्षेत्र अन्योलग्रस्त छ। ५२ वर्ष पहिलेको शिक्षा ऐन २०२८ हालसम्म पनि लागु रहेको छ। यस्तो अवस्थामा शिक्षामा परिवर्तन कसरी सम्भव होला ? यस बारेमा ताजा जनादेश प्राप्त नवगठित सरकारले नयाँ योजनाकासाथ काम गर्ने आशामा बस्नु बाहेक अर्को कुनै विकल्प छैन। अब चाँडो भन्दा चाँडो शिक्षा ऐन संसदबाट पारित गरेर विद्यालय शिक्षाको समयानुकूल परिवर्तनमा ध्यान दिन सरकार समक्ष अनुरोध गर्न चाहन्छौँ।

अर्को विषय हाल केही उद्योगी र व्यापारीहरुले मनोमानी ढंगबाट दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धि गरेको कुरा प्रष्ट छ। तर सरकारले यसमा त्यति ध्यान पुऱ्याएको जस्तो लागेन। के सरकार ले वस्तु वा सेवाको मूल्य स्थिर वा यथावत राख्न निर्देशन दिन वा परिपत्र गर्न सक्दैन ? जसरी सुकुम्बासी बस्ती हटाउन गृह मन्त्रालयले दिएको निर्देशनको पालना मातहतका सबै निकायले पालना गर्दै २४ घण्टाभित्र काम सम्पन्न गरेको देखियो तर शिक्षा सम्बन्धी निर्देशनहरु भने केवल निर्देशनका लागि निर्देशन दिएको जस्तो देखियो। यसमा स्थानीय तहले अलि बढी चासो लिनु पऱ्यो केन्द्रले कडा निर्देशन दिने र अनुगमन तथा नियन्त्रण गर्ने तर्फ ध्यान जाओस्। नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई रहेको पनि ध्यान जाओस्।

# आधुनिक ट्रेडिङ प्लेटफर्मको आवश्यकता



**✍जीके विष्णु**

**अहिले हजारौं नेपाली युवा फोरेक्स, क्रिप्टो वा अन्य विदेशी डिजिटल प्लेटफर्मतर्फ आकर्षित भइरहेका छन्, जसमा न त पूर्ण कानुनी सुरक्षा छ, न त राज्यको निगरानी । यसले व्यक्तिगत जोखिम मात्र होइन, राष्ट्रिय अर्थतन्त्रमा पनि गम्भीर असर पारेको छ ।**

नेपालको वित्तीय प्रणाली देशको आर्थिक मेरुदण्डका रूपमा स्थापित छ, जसले बचतलाई लगानीमा रूपान्तरण गर्दै समग्र आर्थिक गतिविधिलाई निरन्तर गतिशील बनाइरहेको छ। केन्द्रीय बैंकदेखि वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, बीमा संस्था, सहकारी तथा पूँजी बजारसम्म फैलिएको यसको संरचनाले उत्पादन, रोजगारी र उद्यमशीलताको विस्तारमा महत्वपूर्ण भूमिका खेलेको छ। तर व्यवहारिक रूपमा हेर्दा यो प्रणाली अझै पनि संरचनागत रूपमा पुरानो सोचमै आधारित देखिन्छ, जहाँ प्रक्रिया सधैं ढिलो, सीमित पहुँचयुक्त र प्रविधिमा पूर्णरूपमा निर्भर नभएको अवस्था छ। विशेषगरी पूँजी बजार अर्थात् सेयर बजार, अझै पनि अस्थिरता, सूचनाको असमान पहुँच ब्रोकरको ढिलासुस्ती कारोबार, अफवाहमा आधारित निर्णय र सीमित वित्तीय ज्ञानका कारण पूर्ण रूपमा सक्षम बन्न सकेको छैन। यसले दीर्घकालीन लगानी संस्कृतिलाई कमजोर बनाएको छ र बजारलाई कहिलेकाहीँ अनुमान र भीड मनोविज्ञानले चलाउने अवस्था सिर्जना गरेको छ। यस्तो अवस्था केवल लगानीकर्ताको समस्या होइन, यो समग्र वित्तीय प्रणालीप्रति विश्वास घटाउने संरचनात्मक चुनौती हो। यदि वित्तीय बजारप्रति विश्वास कमजोर भयो भने बैंकिङ प्रणालीदेखि लगानी वातावरणसम्म सबै प्रभावित हुन्छ, जसको प्रत्यक्ष असर आर्थिक वृद्धिदर, रोजगारी सिर्जना र राष्ट्रिय उत्पादन क्षमतामा पर्छ।

अब नेपालले केवल सुधारात्मक कदम होइन, वित्तीय प्रणालीको पुन:परिकल्पना गर्ने स्तरको सोच आवश्यक बनाएको छ। यही सन्दर्भमा एउटा नयाँ दृष्टिकोण गम्भीर रूपमा छलफलमा आउनुपर्ने देखिन्छ। अन्तर्राष्ट्रिय स्तरको आधुनिक कारोबार प्लेटफर्म, जुन परम्परागत सेयर बजार भन्दा पूर्णरूपमा फरक अवधारणामा आधारित हुनेछ। यहाँ लगानीकर्ताले कम्पनीको स्वामित्व किन्ने होइन, बजारको मूल्य चालको विश्लेषण गरेर छोटो वा मध्यम अवधिमा 'किन्ने' र 'बेच्ने' गर्छन् तर सेयर बजारमा जस्तो कम्पनीको मालिक बन्दैन। यस्तो प्रणाली प्राविधिक विश्लेषण, जोखिम व्यवस्थापन, अनुशासन र रणनीतिक सोचमा आधारित हुन्छ।

विश्वका धेरै विकसित वित्तीय केन्द्रहरूमा यस्तो प्रणाली पहिले नै विकास भइसकेको छ, जहाँ बजार २४ घण्टा सञ्चालन हुने र हप्ताको पाँच दिन निरन्तर खुला रहने व्यवस्था हुन्छ। यसले लगानीकर्तालाई समयको सीमाबाट मुक्त गर्दै अवसरलाई निरन्तर प्रयोग गर्न सक्षम बनाउँछ। नेपालमा पनि यदि यस्तो संरचना ल्याउन सकियो भने अहिले देखिएको धेरै समस्याहरु जस्तै लुकेर विदेशी प्लेटफर्म प्रयोग गर्नु, पूँजी पलायन हुनु, र अनौपचारिक कारोबार बढ्नु यी सबैलाई नियन्त्रण गर्न सकिन्छ। अहिले हजारौं नेपाली युवा फोरेक्स, क्रिप्टो वा अन्य विदेशी डिजिटल प्लेटफर्मतर्फ आकर्षित भइरहेका छन्, जसमा न त पूर्ण कानुनी सुरक्षा छ, न त राज्यको निगरानी। यसले व्यक्तिगत जोखिम मात्र होइन, राष्ट्रिय अर्थतन्त्रमा पनि गम्भीर असर पारेको छ। त्यसैले राज्यले अब ढिला नगरी आफ्नै नियमनभित्रको सुरक्षित डिजिटल ट्रेडिङ प्रणाली विकास गर्नु अत्यावश्यक छ।

तर यस्तो प्रणाली केवल विचारले मात्र सम्भव हुँदैन, यसका लागि स्पष्ट तीन तहको संरचना आवश्यक हुन्छ। पहिलो कानुनी तथा नीतिगत आधार, हालको पूँजी बजार कानुन मुख्यत: परम्परागत सेयर किनबेचमा सीमित भएकाले नयाँ प्रकारका डिजिटल कारोबार, डेरिभेटिभ उपकरण र मूल्य-आधारित ट्रेडिङ प्रणालीलाई समेट्ने गरी कानुन संशोधन गर्नुपर्छ। दोस्रो प्रविधिगत पूर्वाधार उच्च गतिको डिजिटल सर्भर, वास्तविक समय बजार डेटा, सुरक्षित अनलाइन कारोबार प्रणाली, कृत्रिम बुद्धिमत्तामा आधारित चार्ट विश्लेषण र प्रयोगकर्तामैत्री मोबाइल तथा वेब प्लेटफर्म अनिवार्य हुन्छ। यसले नेपाललाई केवल उपभोक्ता होइन, वित्तीय प्रविधिको उत्पादक देशतर्फ पनि लैजान सक्छ। तेस्रो मानव संसाधन र वित्तीय शिक्षा, यस्तो प्रणाली सफल हुनका लागि नागरिकलाई केवल अवसर होइन, जिम्मेवारी पनि सिकाउनुपर्छ।

वित्तीय साक्षरता, जोखिम बुझाइ, अनुशासन र दीर्घकालीन सोचलाई विद्यालयदेखि नै विस्तार गर्नुपर्ने हुन्छ। अन्यथा कुनै पनि उन्नत प्रणाली गलत प्रयोगमा जान सक्छ। त्यसैले सरकारले, विश्वविद्यालयहरूले र निजी क्षेत्रले मिलेर ठूलो स्तरको तालिम अभियान सञ्चालन गर्नुपर्छ। यस प्रणालीको अर्को विशेषता भनेको यसको सञ्चालन समय हो, यसलाई २४ घण्टा सञ्चालन हुने र हप्ताको पाँच दिन खुला रहने संरचनामा विकास गर्न सकिन्छ। जसले विभिन्न समय तालिका भएका व्यक्तिहरूलाई पनि सहभागी हुन सहज बनाउँछ। यसले नेपालको वित्तीय बजारलाई विश्वस्तरको गतिशीलता प्रदान गर्न सक्छ र बिदेशमा बसोबास गर्ने नेपालीलाई पनि प्रयोगमा सहजता प्राप्त हुनेछ।

यदि नेपाल सरकारले यस्तो प्रणाली सफलतापूर्वक विकास गर्न सक्यो भने यसको प्रभाव केवल आर्थिक क्षेत्रमा मात्र सीमित रहने छैन, यो सामाजिक, प्रविधिगत र राष्ट्रिय सोचमै परिवर्तन ल्याउने स्तरको हुनेछ। सबैभन्दा पहिले, नेपाली पूँजी नेपालभित्रै रहनेछ, जसले अहिलेको पूँजी पलायन समस्यालाई ठूलो हदसम्म समाधान गर्नेछ। नागरिकहरूले घरमै बसेर आफ्नै समय र क्षमताका आधारमा आयआर्जन गर्न सक्नेछन्, जसले रोजगारीको परम्परागत परिभाषालाई विस्तार गर्नेछ। त्यस्तै युवाहरूलाई विदेश जानुपर्ने बाध्यता घट्नेछ, किनभने उनीहरूले देशभित्रै बसेर अन्तर्राष्ट्रिय वित्तीय गतिविधिमा सहभागी हुन सक्नेछन्। राज्यका लागि यो प्रणाली स्थायी राजस्व स्रोत बन्न सक्छ, किनभने हरेक कारोबारबाट कर तथा सेवा शुल्क संकलन गर्न सकिन्छ।

वित्तीय पारदर्शिता बढ्नेछ र अनौपचारिक कारोबार नियन्त्रणमा आउनेछ, जसले मनी लाउन्डरिङ तथा अवैध वित्तीय गतिविधि घटाउन मद्दत गर्छ। साथै सूचना प्रविधि, डेटा विज्ञान, जोखिम विश्लेषण र वित्तीय सेवामा ठूलो मात्रामा रोजगारी सिर्जना हुनेछ। यसले नेपाललाई केवल उपभोक्ता अर्थतन्त्रबाट उत्पादनशील डिजिटल अर्थतन्त्रतर्फ लैजान सक्छ। अन्तत: यो केवल नयाँ कारोबार प्रणाली होइन, यो सोच परिवर्तनको सुरुवात हो जहाँ स्वामित्व होइन, विश्लेषण, अनुशासन र प्रविधि मुख्य आधार हुन्छ। यदि राज्यले यसलाई दीर्घकालीन रणनीतिक योजनाका रूपमा लिएर कार्यान्वयन गर्न सक्यो भने नेपालले आफ्नो वित्तीय प्रणालीलाई केवल सुधार होइन, अन्तर्राष्ट्रियस्तरमा उदाहरण बन्न सक्ने आधुनिक डिजिटल अर्थतन्त्रको रूपमा रूपान्तरण गर्न सक्छ।

*हेटौंडा-११, मकवानपुर*

# जनप्रतिनिधिका सन्तान नै निजी विद्यालयमा !

सामुदायिक विद्यालय सुधार गर्ने कुरा गर्ने जनप्रतिनिधिहरू, तर आफ्नै बच्चा निजी बोर्डिङमा ? यो नै हो हाम्रो शिक्षा प्रणाली कमजोर हुनुको एउटा ठूलो कारण। अब जनता सचेत हुनुपर्छ–नारा होइन, व्यवहार हेर्ने समय आएको छ।

सामुदायिक विद्यालय सुधार गर्ने प्रतिबद्धता जनाउने धेरै जनप्रतिनिधिहरु हामीले देख्दै आएका छौं। उनीहरूले सार्वजनिक रूपमा सामुदायिक शिक्षा सुधार गर्ने, गुणस्तरीय बनाउने र सबै बालबालिकाका लागि समान अवसर सुनिश्चित गर्ने कुरा बारम्बार दोहोऱ्याउने गर्छन्। तर व्यवहारमा हेर्दा एउटा गम्भीर प्रश्न उठ्छ, यदि साँच्चै उनीहरु सामुदायिक विद्यालयप्रति इमानदार र प्रतिबद्ध छन् भने, किन उनीहरु आफ्नै छोराछोरीलाई भने निजी बोर्डिङ स्कुलमा पढाइरहेका छन् ?

यो प्रश्न केवल व्यक्तिगत आलोचना होइन, यो हाम्रो शिक्षा प्रणालीप्रतिको गहिरो चिन्तन हो। जसले नीति निर्माण गर्छन्, जसले विद्यालय सुधारका योजना बनाउँछन्, उनीहरू नै यदि सामुदायिक विद्यालयप्रति विश्वास गर्न सक्दैनन्, भने आम नागरिकले कसरी विश्वास गर्ने ?

सामुदायिक विद्यालयमा अपेक्षित सुधार नआउनुको एक मुख्य कारण यही दोहोरो चरित्र पनि हो। जब निर्णय तहमा रहेका व्यक्तिहरुले आफ्नै व्यवहारमा सामुदायिक शिक्षालाई प्राथमिकता दिँदैनन्, तब नीति र कार्यान्वयन बीचको दूरी बढ्दै जान्छ। परिणामस्वरूप, सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षा, आवश्यक स्रोत साधन, अनुशासन र अभिभावकको विश्वास अपेक्षित रुपमा विकास हुन सकेको छैन।

हामीले अब यस्ता विषयमा गम्भीर बहस गर्न जरुरी छ। केवल भाषण र आश्वासनले मात्र शिक्षा प्रणाली सुधार हुँदैन। व्यवहार, उदाहरण र जिम्मेवारीले सुधार ल्याउँछ। यदि कुनै जनप्रतिनिधिले साँच्चै सामुदायिक विद्यालय सुधार गर्ने प्रतिबद्धता जनाउँछ भने, उनीहरुको व्यवहारले पनि त्यसलाई पुष्टि गर्नुपर्छ। अब आउने स्थानीय निर्वाचनमा जनताले यस्ता विषयलाई गम्भीर रूपमा मूल्यांकन गर्नुपर्ने समय आएको छ। जनताले केवल विकासका नारा होइन, व्यवहारमा देखिने इमानदारी, पारदर्शिता र प्रतिबद्धता हेर्नुपर्छ। शिक्षा जस्तो संवेदनशील क्षेत्रमा दोहोरो मापदण्ड स्वीकार्य हुन सक्दैन।

अन्तत: सामुदायिक विद्यालय सुधार केवल सरकारी नारा होइन, यो सामूहिक जिम्मेवारी हो। तर त्यो जिम्मेवारी सबैभन्दा पहिले नीति बनाउने र नेतृत्व गर्ने व्यक्तिहरुबाट सुरु हुनुपर्छ। अब समय आएको छ, जनताले यस्ता कुरामा आँखा खोल्नुपर्छ। चुनावमा नारा होइन, व्यवहार हेर्नुपर्छ।

**-एक सचेत युवा, मनहरी-७, मकवानपुर**

## भारतका ५ राज्यको चुनावी परिणाम

# पुराना वर्चस्वशाली क्षेत्रीय दललाई धक्का

काठमाडौं : सन् २०२६ मा पश्चिम बंगाल, तमिलनाडु, केरल, असम र पुडुचेरीमा सम्पन्न विधानसभा निर्वाचन परिणामहरूले राष्ट्रिय राजनीतिको दिशामा नयाँ आयाम थपेका छन् ।

यी पाँच राज्यको सामूहिक नतिजालाई नियाल्दा भाजपाको राजनीतिक सामर्थ्यमा अभूतपूर्व बढोत्तरी भएको देखिन्छ । कतिपय स्थापित क्षेत्रीय दलहरूको भविष्यमाथि गम्भीर प्रश्न उब्जिएका छन् । विशेषगरी पश्चिम बंगालमा १५ वर्ष लामो तृणमूल कांग्रेस शासनको अन्त्य हुनु र भाजपाले पहिलो पटक दुई तिहाइ बहुमतका साथ सत्ताको बागडोर सम्हाल्नुलाई यो निर्वाचनको सबैभन्दा ठूलो उलटफेर मानिएको छ ।

दक्षिण भारतको राजनीतिमा पनि यसपटक ठूलै परिवर्तन भएको छ। तमिलनाडुमा दशकौँदेखि कायम रहेको द्रविड राजनीतिको विरासतमा नयाँ शक्तिको उदयसँगै धक्का पुगेको छ । केरलमा विगत १० वर्षदेखि सत्तामा रहेको वामपन्थी मोर्चा (एलडीएफ) को पतन भएर कंग्रेस आई नेतृत्वको संयुक्त लोकतान्त्रिक मोर्चा (यूडीएफ) को पुनरागमन भएको छ । उत्तर पूर्वी भारतको असममा भाजपाले आफ्नो पकड अझ बलियो बनाउँदै लगेको छ । लगातार 'ह्याट्रिक' गरेर नयाँ कीर्तिमान कायम गरेको छ ।

उता पुडुचेरीमा एनआर कंग्रेसको नेतृत्वमा रहेको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (राजग) ले पुन: सत्ता कायम राख्दै आफ्नो राजनीतिक निरन्तरतालाई पुष्टि गरेको छ ।

यसपटक पश्चिम बंगालको राजनीतिक वृत्तमा सबैभन्दा आश्चर्यजनक परिवर्तनको लहर देखिएको छ । सन् २०२१ को निर्वाचनमा २१३ सिट जित्दै ४७.९ प्रतिशत मतका साथ एकछत्र राज गरेको तृणमूल कांग्रेस (टीएमसी) का लागि यो परिणाम निकै प्रतिकूल रह्यो । त्यसबेला ३८.१ प्रतिशत मत ल्याएर केवल ७७ सिटमा सीमित भाजपाले यसपटक 'अकल्पनीय' फड्को मारेको छ । कांग्रेस र वाम मोर्चाको गठबन्धनले अघिल्लो पटकझैँ आफ्नो उपस्थिति शून्यमै सीमित राख्नुपर्‍यो ।

यो नतिजाले बंगालको राजनीतिक नक्सामा नै व्यापक फेरबदल भएको छ। भाजपाले २०६ सिटमा जित निकाल्दै स्पष्ट दुई तिहाइ बहुमत हासिल गरेको छ । ममता बनर्जी नेतृत्वको टीएमसी ८० सिटमा सीमित हुन पुगेको छ। मत प्रतिशतमा भाजपा ४५.५६ प्रतिशत पुगेर अग्रस्थानमा रहँदा टीएमसी ४०.९४ प्रतिशतमा झरेको छ । यसरी भाजपाले आफ्नो मतमा ६.७८ प्रतिशतको सुधार गर्दा टीएमसीले ६.५१ प्रतिशत मत गुमाएको तथ्याङ्कले देखाउँछ ।

यो निर्वाचन कीर्तिमानी मतदान प्रतिशत कारणले पनि स्मरणीय बनेको छ । सन् २०२१ मा ८१.८ प्रतिशत मतदान भएकोमा यस वर्ष ९२.४७ प्रतिशत पुगेको छ । जुन भारतको स्वतन्त्रतापछिकै उच्च मतदान हो ।

तमिलनाडुको निर्वाचन परिणाम पनि पश्चिम बंगालको भन्दा कम आश्चर्यजनक छैन । सन् २०२१ को चुनावमा १५९ सिट जितेर एमके स्टालिनको नेतृत्वमा डीएमके गठबन्धनले सरकार बनाएको थियो । त्यसबेला डीएमके पक्षमा ४५ प्रतिशत र एआईएडीएमकेको पक्षमा ३९ प्रतिशत मत खसेको थियो।

तर यसपटक थलपति विजयको नेतृत्वमा रहेको तमिलगा बेट्री कझगम (टीभीके) नयाँ शक्तिका रूपमा उदाउँदै १०८ सिट जित्न सफल भयो र बहुमतको नजिक पुग्यो ।

### थलपति विजय

यसपटक डीएमके ५९ र एआईएडीएमके ४७ सिटमा संकुचन भए। अघिल्लो निर्वाचनको तुलनामा डीएमकेले १०० सिट गुमाउँदा कांग्रेसले ५ र भाजपाले १ सिटमा मात्र चित्त बुझाउनुपर्‍यो ।

टीभीकेको यो अभूतपूर्व उदयले तमिलनाडुको पाँच दशक लामो द्रविड राजनीतिको विरासतलाई धक्का दिएको छ। पहिलो पटक डीएमके र एआईएडीएमकेले कुनै तेस्रो शक्तिसँग पराजय बेहोर्नुले राज्यको राजनीतिमा एउटा नयाँ युगको सूत्रपात भएको सङ्केत गर्दछ ।

केरलको राजनीतिक इतिहासले परम्परागत रूपमा हरेक पाँच वर्षमा सत्ता परिवर्तन गर्ने जुन विशिष्ट चरित्र देखाउँदै आएको छ । सन् २०२६ को निर्वाचन परिणामले पनि त्यसैलाई निरन्तरता दिएको छ ।

विगत १० वर्षदेखि सत्ताको बागडोर सम्हाल्दै आएको वामपन्थी वर्चस्वलाई यसपटक मतदाताले विश्राम दिएका छन् । सन् २०२१ को निर्वाचनमा वाम लोकतान्त्रिक मोर्चा (एलडीएफ) ले ९९ सिटमा जित दर्ता गर्दै सत्ता कायम राखेको थियो । जसमा मुख्य घटक दल सीपीआई(एम) एक्लैले ६२ सिट जितेको थियो भने कंग्रेस केवल २१ सिटमा खुम्चिन पुगेको थियो ।

तर, सन् २०२६ को चुनावी नतिजाले केरलमा कांग्रेसको जबर्दस्त पुनरागमन भएको छ । यसपटक कांग्रेसले ६३ सिटमा एकलौटी जित निकाल्दै आफ्नो पुरानो विरासत फर्काएको छ । संयुक्त लोकतान्त्रिक मोर्चा (यूडीएफ) ले स्पष्ट बहुमतका साथ सरकार बनाउने मार्ग प्रशस्त गरेको छ। अर्कातर्फ, विगतको शक्ति गुमाउँदै सीपीआई(एम) यसपटक केवल २६ सिटमा सीमित हुन पुग्यो । गठबन्धनको अर्को घटक इन्डियन युनियन मुस्लिम लिग (आईयूएमएल) ले २२ सिटमा जित हासिल गर्दा भाजपाले ३ सिट जितेर राज्यको इतिहासमा आफ्नो अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन दर्ता गराएको छ ।

पूर्वोत्तर भारतको प्रवेशद्वार मानिने असममा भाजपाले लगातार तेस्रो पटक सरकार बनाउँदै एउटा ऐतिहासिक कीर्तिमान कायम गरेको छ । सन् २०२१ को निर्वाचनमा भाजपाले ६० सिट जितेर ३३.२१ प्रतिशत मत प्राप्त गरेको थियो भने प्रमुख प्रतिपक्षी कंग्रेस २९ सिटमा सीमित थियो । त्यस समय भाजपाका सहयोगी दलहरू असम गण परिषद (एजीपी) ले ९ र युनाइटेड पिपुल्स पार्टी लिबरल (यूपीपीएल) ले ६ सिटमा जित हासिल गरेका थिए ।

तर, सन् २०२६ को नतिजाले असममा भाजपाको पकड झन् शक्तिशाली भएको देखाएको छ । यसपटक भाजपा एक्लैले ८२ सिटमा सानदार जित निकाल्दै आफ्नो उपस्थितिलाई थप सुदृढ बनाएको छ भने कांग्रेस केवल १९ सिटमा खुम्चिन पुगेको छ। अन्य दलहरूमध्ये एजीपीले १० र बोडोल्यान्ड पिपुल्स फ्रन्ट (बीपीएफ) ले १० सिट जितेका छन् । भाजपाको मत प्रतिशतमा यसपटक ४.६ प्रतिशतको वृद्धि भई ३७.८१ प्रतिशत पुगेको छ । भाजपालाई अघिल्लो पटकको तुलनामा २२ सिटको थप लाभ भएको छ ।

यो चुनावी परिणामले मुख्यमन्त्री हिमन्त विश्व शर्मालाई असमको निर्विकल्प र सर्वाधिक लोकप्रिय नेताका रूपमा स्थापित गरिदिएको छ । शर्माको यो 'ह्याट्रिक' विजयले असमको राजनीतिमा भाजपाको दीर्घकालीन वर्चस्वको सङ्केत गरेको छ ।

पुडुचेरीको निर्वाचन परिणामले सत्ताधारी गठबन्धनको पकडलाई पुन: पुष्टि गरिदिएको छ। सन् २०२१ को निर्वाचनमा एआईएनआरसी, भाजपा र एआईएडीएमके सम्मिलित गठबन्धनले १६ सिटमा जित हासिल गरेको थियो । जसमा एआईएनआरसीले १० र भाजपाले ६ सिट जितेका थिए । त्यस समय कांग्रेस निकै कमजोर अवस्थामा पुग्दै केवल २ सिटमा सीमित हुन पुगेको थियो ।

सन् २०२६ को नतिजाले एन रङ्गासामीको नेतृत्वमा रहेको एआईएनआरसीलाई थप मजबुत बनाएको छ । यसपटक पार्टीले १२ सिटमा जित निकाल्दै रङ्गासामीलाई पुन: मुख्यमन्त्री बन्ने बाटो निश्चित गरिदिएको छ । अन्य दलहरूमध्ये डीएमकेले ५ सिटमा सुधार गरेको छ भने भाजपाले ४ र नयाँ शक्तिका रूपमा उदाएको टीभीकेले २ सिट हासिल गरेका छन् ।

कांग्रेसका लागि भने यो निर्वाचन झनै निराशाजनक बन्यो, जहाँ पार्टी केवल १ सिटमा खुम्चिन बाध्य भयो । यस परिणामले पुडुचेरी मा राजग (एनडीए) गठबन्धनको राजनीतिक प्रभाव कायमै रहेको देखाएको छ ।

पश्चिम बंगाललगायत पाँच राज्यको विधानसभा निर्वाचन परिणामले भारतीय राजनीतिमा एउटा आधारभूत संरचनात्मक परिवर्तनको सङ्केत गरेको छ । सन् २०२१ को तुलनामा यसपटकको नतिजा केवल सत्ता हस्तान्तरणको सामान्य प्रक्रिया मात्र नभएर 'राजनीतिक यथास्थिति'विरुद्ध मतदाताको प्रस्ट आक्रोशका रूपमा देखिएको छ ।

# यस वर्षको मनसुनमा कम वर्षा र बढी गर्मी हुने प्रक्षेपण

काठमाडौं : नेपालमा यस वर्षको मनसुन अवधिमा औसतभन्दा कम वर्षा हुने र बढी गर्मी हुने प्रक्षेपण गरिएको छ । प्रशान्त महासागरमा विकसित 'एल निनो' र हिन्द महासागरको 'इन्डियन ओसन डाइपोल'मा देखिएको तटस्थताका कारण यस वर्ष मनसुन कमजोर हुने आकलन गरिएको हो । यद्यपि नेपालका कुनैकुनै भागमा भने बढी वर्षा हुने अनुमान छ ।

नेपालमा जुनदेखि सेप्टेम्बरसम्मको अवधिलाई मनसुन अवधि मानिन्छ । यो अवधिमा वर्षभरी हुने वर्षाको करिब ८० प्रतिशत पानी पर्दछ । बर्खायाम वा मनसुनले बालीनाली तथा देशको अर्थतन्त्रमा प्रत्यक्ष असर पार्ने गर्दछ । साथै बाढीपहिरोका कारण धनजनको क्षति समेत हुने गरेकाले मनसुनप्रति धेरैको चासो हुने गर्दछ । त्यसैले दक्षिण एसियाका देशहरूको ऋतुगत मौसम पूर्वानुमान नेपालसमेत सहभागी दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्च (सास्कोफ) ले हरेक वर्ष सार्वजनिक गर्दछ । मञ्चको निष्कर्षको आधारमा नेपालको जल तथा मौसम विज्ञान विभागले पनि हरेक वर्ष सम्भावित मनसुनी अवस्थाबारे जानकारी दिने गर्दछ । विभागले आगामी शुक्रबार सबै सरोकारवालालाई भेला गरेर यस वर्षको मनसुनी अवस्थाबारे जानकारी दिने कार्यक्रम राखेको छ ।

हालै मालदिभ्सको मालेमा सास्कोफको बैठक बसेको थियो । बैठकमा दक्षिण एसियाका अफगानिस्तान, बंगलादेश, भुटान, भारत, माल्दिभ्स, म्यानमार, नेपाल, पाकिस्तान र श्रीलंका गरी नौ देशका मौसमविद्हरू सहभागी थिए । सो बैठकले यस वर्षको मनसुन अवधिको मे-सेप्टेम्बर महिनामा दक्षिण एसियाको उत्तर-पश्चिमी, उत्तर-पूर्वी र दक्षिणी क्षेत्रका केही भागहरूमा सामान्य वा सामान्यभन्दा बढी वर्षा हुने प्रक्षेपणसहितको प्रतिवेदन सार्वजनिक गरेको छ। प्रतिवेदनमा लेखिएअनुसार मध्य क्षेत्रमा भने कम वर्षा हुने छ ।

नेपालका पूर्वी भागहरू 'सामान्य वा सामान्यभन्दा बढी वर्षा हुने' भनिएको उत्तर-पूर्वी क्षेत्र नजिक पर्दछन् । तर ठूलो हिस्सा भने 'कम वर्षा' हुने भनिएको मध्य क्षेत्रमा पर्दछ । त्यसैले नेपालका कुनै-कुनै ठाउँमा धेरै वर्षा भए पनि समग्रमा कम वर्षा हुने अनुमान गरिएको हो । त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम विभागका सहप्राध्यापक डा. विनोद पोखरेल पनि यस वर्षको मनसुन सुरुवाती चरणमा कमजोर हुने र देशका धेरैजसो भू-भागमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको बताउँछन् । उनका अनुसार आगामी जेठ १५ देखि साउन १५ (जुन र जुलाई) सम्मको समय सुक्खा हुने सम्भावना छ ।

मनसुनको यो अनिश्चितताले देशको कृषि र जलविद्युत क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ । मनसुनको पहिलो आधा समय सुक्खा हुँदा यो वर्ष ३० देखि ४० प्रतिशत मात्र रोपाइँ हुन सक्ने मौसमविद पोखरेलको अनुमान छ । मौसमविद्हरूका अनुसार यो वर्ष मनसुन कमजोर हुनुमा मुख्य दुईवटा मौसमी प्रणालीहरू जिम्मेवार देखिएका छन्- 'एल निनो'को प्रभाव र हिन्द महासागरको अवस्था 'आईओडी' ।

प्रशान्त महासागरको तापक्रम औसतभन्दा बढी हुने अवस्थालाई 'एल निनो' भनिन्छ । यसले दक्षिण एसियाली मनसुनलाई कमजोर बनाउँछ । यद्यपि अहिले यो अवस्था तटस्थ बन्दै गएको देखिएको छ । तर यसको बाँकी प्रभाव र वायुमण्डलमा आएको फेरबदलका कारण जुन र जुलाईमा बादल निर्माण हुने प्रक्रिया सुस्त हुन सक्ने अनुमान छ । यसैगरी नेपालको मनसुनमा हिन्द महासागरको तापक्रम (इन्डियन ओसन डाइपोल-आईओडी) को ठूलो भूमिका हुन्छ । विभिन्न अन्तर्राष्ट्रिय मोडेलहरूका अनुसार यो वर्ष जुन-जुलाईको समयमा हिन्द महासागरको अवस्था तटस्थ हुने देखिन्छ । यसले गर्दा जलवाष्पयुक्त हावा नेपालसम्म आइपुग्न अवरोध सिर्जना गर्नसक्ने अनुमान छ ।

जलवायु अध्येतासमेत रहेका विपदविज्ञ डा. धर्मराज उप्रेती जुन महिनाको मध्यसम्म ठिकै पानी परे पनि जुनको अन्त्यतिरबाट सुक्खा हुँदै जाने र सेप्टेम्बरको अन्त्यतिर पुन: सक्रिय हुनसक्ने बताउँछन् । 'आईओडी तटस्थ अवस्थामा छ र प्रशान्त महासागरमा एल निनो मात्र नभएर सुपर एलनिनोको अवस्था छ । सुपर एलनिनो हुने बित्तिकै सुक्खा हुन्छ', डा. उप्रेती भन्छन्, 'तर अप्रिलदेखि जुनसम्म एउटा कन्डिसन र जुलाईदेखि सेप्टेम्बरसम्म अर्को कन्डिसन हुन्छ ।' त्यसैले जुन महिनाको मध्यसम्म ठिकै पानी परे पनि जुनको अन्त्यतिरबाट सुक्खा हुँदै गएर नेपालमा एकदम धेरै वर्षा हुने जुलाईको समयमा कम पानी पर्ने सम्भावना रहेको उनी बताउँछन् ।

'त्यसपछि सेप्टेम्बरको अन्त्यतिर आईओडी पोजेटिभ कन्डिसनतिर जाने सम्भावना छ । त्यसो भयो भने दशैं-तिहारको बेलातिर फेरि मनसुन सक्रिय हुने अनुमान गर्न सकिन्छ,' उनले भने । नेपालको अर्थतन्त्रको मुख्य मेरुदण्ड मानिने कृषि ७५ देखि ९० प्रतिशत मनसुनी वर्षामा निर्भर रहन्छ । वर्षा कम हुँदा धान खेती र अन्य वर्षे बाली प्रभावित भई खाद्य असुरक्षा बढ्न सक्ने जोखिम छ । त्यसैगरी, नेपालका अधिकांश जलविद्युत आयोजनाहरू नदीको बहावमा आधारित (रन अफ रिभर) भएकाले वर्षाको कमीले हिउँदमा लोडसेडिङ वा ऊर्जा अभावको समस्या पुन: दोहोरिन सक्ने चिन्ता छ ।

यस वर्षको मनसुन अवधिमा वर्षा कम हुनुका साथै दिउँसो र रातिको तापक्रम (अधिकतम र न्यूनतम तापक्रम) समेत औसतभन्दा बढी हुने प्रक्षेपण गरिएको छ। यसले गर्दा जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने विज्ञहरूको चेतावनी छ । खासगरी तराई क्षेत्रमा कृषि उत्पादकत्व र दैनिक जनजीवनमा प्रभाव पार्ने देखिएको छ । तर जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता विभूति पोखरेल भने नेपालको मनसुनलाई प्रभाव पार्ने अन्य धेरै कुराहरू रहेकाले अहिले नै ठोकुवाका साथ भन्न नसकिने बताउँछिन् । 'हुन त एल निनोको अवस्था छ तर नेपालको मनसुनलाई प्रभाव पार्ने अरु धेरै कुराहरू पनि हुन्छन् । अहिले नै यस वर्षको मनसुन यस्तै हुन्छ भनेर ठोकुवा गर्न सक्ने अवस्था छैन,' पोखरेलले भनिन्, 'मनसुनको सम्भावित अवस्था बीचमा अद्यावधिक पनि गरिने भएकाले त्यसलाई नजिकबाट नियालिराख्नु जरुरी हुन्छ ।'

केही वर्षयता जलवायु परिवर्तनको प्रभावका कारण मौसममा व्यापक फेरबदल देखिएको छ । वर्षायाममा पनि कुनै ठाउँमा अत्यधिक पानी पर्ने र कुनै ठाउँमा पानी नै नपर्ने अवस्था देखिने गरेको छ । त्यसैले विज्ञहरू कम पानीमा हुने वैकल्पिक बालीहरूको छनोट गर्ने, खानेपानी र सिँचाइका लागि पानीको भण्डारण गर्ने, तापक्रम नियन्त्रण तथा अन्य अनुकूलनका कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्ने सुझाव दिन्छन् ।

*स्रोत : अनलाइनखबर ।*

## प्रगति माविको ४ कोठे भवन शिलान्यास



समाज संवाददाता

हेटौंडा : हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयको ४ कोठे भवन निर्माण सुरु गरिएको छ । सोमबार विद्यालय भवन निर्माण कार्यको शिलान्यास गरिएको हो ।

राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ६० लाख रुपैयाँ बजेटमा भवन निर्माण हुन लागेको विद्यालयका प्रधानाध्यापक किशोर पराजुलीले जानकारी दिनुभयो । ४ कोठा रहने २ तले उक्त भवन असार मसान्तसम्म निर्माण सकिने प्रधानाध्यापक पराजुलीले बताउनुभयो ।

हाल विद्यालयमा ३० वटा कक्षाकोठा रहेकोमा अपुग भएकोले थप कक्षाकोठा निर्माण गर्न लागेको पराजुलीले बताउनुभयो । प्रगति माविमा १२ कक्षासम्म पठनपाठन हुन्छ ।

# सत्ता साझेदार...

उनले बताए । मुख्यमन्त्री कार्यालयका कानुन सचिवको संयोजकत्वमा आर्थिक मामिला र आन्तरिक मामिला मन्त्रालयका सचिवहरु सदस्य रहने गरी कार्यदल बनाइएको उनले बताए ।

### स्वास्थ्यलाई छुट्टै राख्ने एमालेको प्रस्ताव थियो : मन्त्री थापा

बागमती प्रदेश सरकारले मन्त्रालयको संख्या १४ बाट घटाएर ८ मा झार्ने निर्णय गरेसँगै हालको स्वास्थ्य मन्त्रालय सामाजिक विकास मन्त्रालयमा गाभिने भएको छ । मन्त्रालय घटाउने प्रक्रियामा स्वास्थ्य मन्त्रालयको अस्तित्वलाई लिएर सत्ता साझेदार दल एमालेको विशेष चासो र अडानको विषय बनेको थियो ।

स्वास्थ्य मन्त्री किरण थापाका अनुसार एमालेले स्वास्थ्य र सामाजिक मन्त्रालयलाई छुट्टाछुट्टै राख्न प्रस्ताव गरेको थियो। एमालेले स्वास्थ्य मन्त्रालय स्वायत्त राखेर मन्त्रालयहरु घटाउने भन्ने विषयमा छलफल भएको उनले बताए। तर, प्रशासनिक खर्च कटौती गर्ने र मन्त्रालयको संख्या सानो बनाउने विषयलाई प्रमुखताका साथ अघि बढाउँदा अन्तिममा ८ वटै मन्त्रालय कायम गर्न एमाले सहमत भएको उनले बताए। सत्तारुढ दलहरु बीच सौहर्द्ध रुपमा छलफल भएर उक्त निर्णय भएको उनल बताए । प्रशासनिक पुनर्संरचनाका लागि गठित विज्ञ समुहको सिफारिस र उच्चस्तरीय निर्देशक समितिको सुझावका अधारमा उक्त निर्णय गरिएको मन्त्री थापाको भनाई छ। मन्त्रालय र मातहतका कार्यालयहरुको कार्यविभाजनको विषयमा छलफल हुँदा मन्त्रिपरिषद् बैठक लम्बिएको उनले बताए ।

२०७४ सालमा प्रदेश सरकार स्थापना हुँदा बागमतीमा ७ वटा मन्त्रालय थिए। तत्कालिन मुख्यमन्त्री डोरमणि पौडेलले ३ वर्ष ६ महिना ७ मन्त्रालय (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, भूमि व्यवस्था तथा कृषि मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालय) बाट शासन गरे ।

एमाले विभाज रोक्न उनले एमालेकी तत्कालिन उपाध्यक्ष अष्टलक्ष्मी शाक्यलाई सत्ता हस्तान्तरण गरे । २०७८ भदौमा तत्कालीन मुख्यमन्त्री शाक्यले सामाजिक विकास मन्त्रालय फुटाएर स्वास्थ्य मन्त्रालय थपेकी थिइन् । जसले मन्त्रालयको संख्या ८ पुगेको थियो । त्यसपछि राजेन्द्र पाण्डे नेतृत्वको सरकारले मन्त्रालयको संख्या १४ पुर्‍यायो भने माओवादी केन्द्रबाट मुख्यमन्त्री बनेका शालिकराम जम्कट्टेलले २०७९ माघमा १४ मन्त्रालयलाई ११ मा झारेका थिए । तत्कालीन मुख्यमन्त्री जम्कट्टेलले गठन गरेको एक कार्यदलले एउटा मन्त्रालयको वार्षिक प्रशासनिक खर्च ७३ लाख रुपैयाँ हुने देखाएको थियो । सोही तथ्यका आधारमा मन्त्रालयको संख्या घटाएका जम्कट्टेलले आफ्नो निर्णय कार्यकालभर कायम राख्न सकेनन् ।

मन्त्रालय घटाउने निर्णय लिएको ४ महिनामै पुन: उनले १२ हुँदै १३ वटासम्म मन्त्रालय बनाएर शासन सत्ता सञ्चालन गरे । उनले सत्ता गठबन्धन टिकाउनका लागि २ पटक सरकार गठन गरेर मन्त्रालय संख्या १३ सम्म पुर्‍याएका थिए । २०८१ मा कांग्रेसबाट मुख्यमन्त्री बनेका बहादुर सिंह लामाले मन्त्रालय फुटाएर १३ वटा पुर्‍याएका थिए भने हाल एमाले-कांग्रेसको गठबन्धनमा मुख्यमन्त्री बनेका इन्द्रबहादुर बानियाँले पनि १४ मन्त्रालय लिएर सरकार चलाइरहेका छन् ।


हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बााझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७



# बागमती युथ बागमती गोल्डकपको फाइनलमा



फाइनल प्रवेश गरेको बागमती युथ क्लबको टिम ।

**समाज संवाददाता**

हेटौंडा : सर्लाहीको बागमती युथ क्लब मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौं संस्करणको बागमती गोल्डकपको फाइनलमा प्रवेश गरेको छ। बुधबार सहिद स्मृति रंगशालामा भएको पहिलो सेमिफाइनल खेलमा ललितपुरको फ्रेन्ड्स क्लबलाई टाइब्रेकरमा ५-४ गोलले हराउँदै बागमती गोल्डकपको फाइनलमा प्रवेश गरेको हो।

निर्धारित समय १-१ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको हो । दुवै टिमले पेनाल्टीमार्फत गोल गरेको हो । फ्रेण्ड्स क्लबले सुरुवाती अग्रता बनाए पनि खेलको अन्त्यतिर सम्हालिन नसक्दा पराजित हुनु पर्‍यो । फ्रेन्ड्सका कप्तान रुपेश केसीले पहिलो हाफको ११ औं मिनेटमा गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । बागमतीका लागि आयुष मगरले ८५ औं मिनेटमा पेनाल्टीमार्फत गोल गर्दै टिमलाई खेलमा फर्काएको हो।

टाइब्रेकरमा बागमतीका लागि अनिष महर्जन, भुपाल मगर, आयुष मगर, अमन लामा र युवराज ढकालले गोल गरे। फ्रेन्ड्सका लागि सुजन चौधरी, राजेश दाहाल, विवेक मगर र रुपेश केसीले गोल गरे भने प्रशान्त लक्षमको प्रहार बाहिरियो । प्लेयर अफ दि म्याच बागमतीका आयुष मगर घोषित भए । उनले १० हजार प्राप्त गरे ।

बागमतीले आयोजक बागमती खेलकुद विकास समितिलाई हराउँदै क्वाटरफाइनल प्रवेश गरेको थियो भने क्वाटरफाइनलमा सातौं संस्करणको विजेता चर्च ब्वाइजलाई हराएको थियो । बागमतीले अब फाइनलमा उपाधिका लागि चित्लाङ एफसी र नव जनजागृतिको विजेतासँग खेल्नेछ।

दोस्रो सेमिफाइनल खेल बिहिबार हुनेछ । फाइनल खेल आगामी शनिबार हुनेछ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउनेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

# इन्द्रसरोवर कप फुटबल र भलिबल सम्पन्न

**समाज संवाददाता**

हेटौंडा : मकवानपुरको इन्द्रसरोवर गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा इन्द्रसरोवर कप-२०८३ सम्पन्न भएको छ। बैशाख १६ गतेदेखि सुरु भएको प्रतियोगिता मंगलबार सम्पन्न भएको हो। प्रतियोगितामा पुरुष फुटबलसहित पुरुष तथा महिला भलिबलका खेलहरू भएको थियो ।

फुटबल प्रतियोगिताको उपाधि कुलेखानी एफसीले जितेको छ । मंगलबार भएको फाइनल खेलमा कुलेखानी एफसीले कुलेखानी टाउनलाई २-० गोलअन्तरले हराएको हो। विजेता टोलीले नगद ७० हजार रुपैयाँ र उपविजेताले ३५ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन्। कुलेखानी एफसीले सेमिफाइनलमा लालिमा एफसी फाखेललाई र कुलेखानी टाउनले सिटीलाई हराएर फाइनलमा पुगेको थियो ।

भलिबल प्रतियोगितामा पुरुष र महिला दुबैतर्फ रोयल शेराले फाइनल जितेको छ । महिलातर्फ ब्राइट मुनलाई र पुरुषतर्फ लालिमालाई हराउँदै शेराले प्रतियोगिता जितेको हो । प्रतियोगिताका विजेता टोलीले ३० हजार र उपविजेताले १५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्। प्रतियोगितामा विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारका व्यवस्था गरिएको थियो।

प्रतियोगितामा गाउँपालिकाभित्र सञ्चालित विभिन्न क्लबहरूको सहभागिता रहेको छ। भलिबलतर्फ महिला र पुरुष दुबै विधामा ६-६ वटा टोलीले सहभागिता जनाएका थिए भने फुटबलतर्फ ८ वटा टिमबीच प्रतिस्पर्धा भएको थियो।

सामुदायिक रेडियो,
रेडियो निकास ६३.४
मेगाहर्ज सुनौं
र सुनाऔं
The Voice of Community

# १७ जनाले रक्तदान गरे



रक्तदान गर्दै रक्तदाता ।

**समाज संवाददाता**

हेटौंडा : सशस्त्र प्रहरी बल, नेपाल नम्बर १४ गण हेडक्वार्टर मकवानपुरको १६औँ स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम भएको छ ।

बुधबार स्थापना दिवसको अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा १७ जनाले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । शुक्रबार हेटौंडा एकेडेमीको आयोजनामा रक्तदान कार्यक्रम हुने रक्तसञ्चार केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ ।

# कृषकलाई आधुनिक कृषि उपकरण वितरण



कृषि उपकरण हस्तान्तरण गरिँदै ।

**समाज संवाददाता**

हेटौंडा : कृषि यान्त्रिकीकरण प्रवर्द्धन गर्ने उद्देश्यले कृषि विकास कार्यालय र मकवानपुरगढी गाउँपालिकाको ५० प्रतिशत अनुदानमा कृषकहरूलाई आधुनिक कृषि उपकरण वितरण गरिएको छ । बुधबार कुर्ले कृषि सहकारी संस्था र मकवानपुरगढी-२ मार्फत स्थानीय कृषकहरूलाई धान काट्ने मेसिन र खेत जोत्ने मिनी ट्र्याक्टर वितरण गरिएको २ नम्बर वडा अध्यक्ष बखान सिंह पाखिनले जानकारी दिनुभयो ।

पालिकाले एक थान धान काट्ने मेसिन वितरण गरेको थियो भने कृषि विकास कार्यालयले एक थान धान काट्ने मेसिन र खेत जोत्ने मिनी ट्र्याक्टर २ थान सहयोग गरेको वडा अध्यक्ष पाखिनले जानकारी दिनुभयो । धान काट्ने मेसिनका लागि पालिकाले बजेट कम भएकाले ३० हजार मात्रै प्रदान गरेको छ । प्रविधिमैत्री उपकरणले उत्पादन वृद्धि गर्न मद्दत पुग्ने र स्थानीय तहले कृषि यान्त्रिकीकरणमार्फत अन्नबाली उत्पादन बढाउने लक्ष्य राखेको वडा अध्यक्ष पाखिनको भनाई छ। यस्ता कार्यक्रमले कृषकहरूलाई समय र श्रम बचत गर्न सहयोग पुग्ने र आगामी दिनमा पनि यस्ता सहयोग निरन्तर हुने वडा अध्यक्ष पाखिनले जानकारी दिनुभयो ।

# बालविवाह अन्त्यबारे स्थानीय तहहरुबीच अन्तरक्रिया

**समाज संवाददाता**

हेटौंडा: दिगो बिकासको लक्ष्यद्वारा निर्देशित सन् २०३० को अन्त्यसम्ममा नेपालबाट बालविवाह अन्त्य गर्ने उद्देश्यले मकवानपुरका स्थानीय तहहरुले बालबिबाहको अवस्थाबारे अन्तरक्रिया गरेका छन् । बुधबार भ्वाइस अफ चिल्ड्रेन ललितपुर र जस्ट राइट्स फर चिल्ड्रेनको सहयोग तथा जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा जिल्लास्तरीय अन्तरक्रिया भएको हो ।

नेपाल सरकारको सन् २०३० सम्म "बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना २०८२" कार्यान्वयनमा स्थानीय तहको भूमिका र आगामी कार्ययोजना विषयक मकवानपुर जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रममा मकवानपुर जिल्लाभित्रका १० वटै स्थानीय तहहरुले एकै स्थानमा छलफल गरेका छन् । उनीहरुले जिल्लामा बालविवाहको स्थिति र यसको समाधानका लागि भविष्यका लागि प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।

कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्दले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ र विद्यालयमा बालसंरक्षण मापदण्ड लगायतका विषयमा सहजीकरण गर्नुभएको थियो । बालमैत्री स्थानीय तहको सुरुवात नेपालमै मकवानपुरको मनहरीबाट भएको भएपनि मनहरी गाँउपालिकामै पनि बालविवाहका घटनाहरु भइरहेकोले वास्तविक नतिजा आउन धेरै मेहनत गर्न बाँकी रहेको समेत कार्यक्रममा जनाइएको छ ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा भ्वाइस अफ चिल्ड्रेनका उप-निर्देशक राजु घिमिरे, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधीवक्ता देवेन्द्रराज आचार्य, बाल सुधारगृह हेटौंडाका प्रमुख प्रदीप अधिकारी, राष्ट्रिय बालअधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्दलगायतका व्यक्तित्व लगायत स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको सहभागिता थियो ।

# बकैयाका प्रधानाध्यापकहरुसँग अन्तरक्रिया

**समाज संवाददाता**

हेटौंडा : शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मकवानपुरको बकैया गाउँपालिकाका प्रधानाध्यापकहरुसँग अन्तरक्रिया गरेको छ। मंगलबार बकैयाको बुद्ध माविमा गाउँपालिकाभित्रका विद्यालयका प्रधानाध्यापकहरुसँग अन्तरक्रिया गरेको हो ।

कार्यक्रममा इकाईका प्रमुख सुदीप गिरीले शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी शिक्षा ऐन २०२८ को छैंठौं संशोधनपश्चात भएका व्यवस्थाबारे सहजीकरण गर्नुभएको थियो। उहाँले अधिकांश प्रधानाध्याकहरुले प्रशासकीय जिम्मेवारीमा प्राविधिक त्रुटी गर्दा कार्यसम्पादन मूल्याङ्कन प्रक्रिया नै प्रभावित हुने गरेको बताउनुभयो। अघिल्लो शैक्षिक सत्र २०८२ को कार्यसम्पादन मूल्याङ्कनमा हुनसक्ने प्रशासकीय त्रुटीहरुबारे उहाँले प्रधानाध्यापकहरुलाई जानकारी दिनुभएको थियो ।

इकाईकी सूचना अधिकारी उन्नति ढकालले निःशुल्क शिक्षा कार्यविधिसम्बन्धी व्यवस्थाबारे सहजीकरण गर्नुभएको थियो । नयाँ शैक्षिक सत्रको सुरुवातमा प्रधानाध्यापकहरुलाई प्रशासनिक कार्यहरुमा सहजीकरण गरी त्रुटी हुने सम्भावना न्यून गर्ने प्रयास गरेको उहाँको भनाइ छ । कार्यक्रममा विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्न अभिभावकीय शिक्षासमेत आवश्यकता परेको प्रधानाध्यापकहरुले गुनासो गरेका छन् । अन्तरक्रियामा बकैया गाँउपालिकाको शिक्षा शाखाका प्रतिनिधिका साथै पालिकामा रहेका प्राथमिक तथा माध्यमिक विद्यालयका ७६ जना प्रधानाध्यापकमध्ये ६७ जनाको सहभागिता रहेको थियो ।

**फुल फर्निस्ड सटर विक्रीमा**

हेटौंडा-४, हेटौंडा क्याम्पस अगाडि रहेको लेडिज फेन्सी तथा कस्मेटिक्स पसल सञ्चालन गर्न उपयुक्त हुने फुल फर्निस्ड सटर विक्रीमा रहेकोले व्यवसाय गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८४५१-२७०३८

**डँढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं**

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

**डिभिजन वन कार्यालय**

**हेटौंडा, मकवानपुर**

**सूचना, सूचना, सूचना**

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुल

हेटौंडा–४, चिसापानी

०५७–५२५५६३, ९८५५०६९४५२, ९८५५०६९५६३




Contact : 9807171993/9741681458 TCN Road-10

नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

**डँढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्ने पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होइन आसपासका बस्तीसमेत उजाड हुन सक्छन् ।
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डँढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**वन तथा वातावरण मन्त्रालय**

**बागमती प्रदेश, नेपाल**

**हेटौंडा, मकवानपुर**




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ